संघीय संसद
राष्ट्रिय सभा
सत्रौं अधिवेशन
बैठक-१३
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१५ बजे*
*बैठक स्थगित : ३:२८ बजे*

२०८१ चैत ४ गते, सोमवार

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको तेह्रौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य कृष्ण बहादुर रोकायले** शिक्षकहरू चक र डस्टर छोडेर आन्दोलनमा रहेको बताउँदै छिटो शिक्षा विधेयक ल्याउन माग गर्नुभयो।

**माननीय सदस्य घनश्याम रिजालले** २०८१ साउन ९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सौर्य एयरको जहाज दुर्घटना पीडितले गम्भिर कानुनी त्रुटि भएको औंल्याउँदै एस.एम.एस. मार्फत जानकारी गराएको बताउँदै यस सम्बन्धमा के भएको हो सत्यतथ्य जानकारी गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य पदम बहादुर परियारले** शैक्षिक वर्ष २०८१ को अन्तिम परीक्षा चलिरहँदा शिक्षक अबिभावक तथा समाजको तिव्र दबाबमा १३ वर्षीय विद्यार्थीले तनहुँमा आत्महत्या गरेको बताउँदै विद्यार्थीहरुमाथि अनावश्यक नगराउन शिक्षा मन्त्रालय मार्फत सम्पूर्ण विद्यालय र अबिभावकलाई अपिल गर्नुभयो।

**माननीय सदस्य रुकमिणी कोइरालाले** प्रतिनिधि सभामा बोल्ने क्रममा एक जना माननीय सदस्यले यौन व्यवसायलाई कानुनी मान्यता दिनु पर्ने धारणा राख्दा नेपाली समाजको मूल्यमान्यता विपरित रहेको बताउँदै निज माननीय सदस्यलाई अविलम्ब माफी माग्न अनुरोध गर्नुभयो।

**माननीय सदस्य रेनु चन्दले** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयकी अतिरिक्त सचिव डा. संगिता कौशल मिश्रको पदोन्नति नभएको वतउँदै यस विषयमा सदनमा जानकारी गराउन सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटाले** लोकतन्त्रको विकल्प लोकतान्त्रिक गणतन्त्र मात्र भएको बताउँदै यस सम्बन्धमा नीतिगत अग्रसरताको लागि सरकारको गम्भिर ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु देवी पुडासैनीले** काठमाडौंको आत्तिनै व्यस्त चाबहिल, बौद्ध, जोरपाटी सडक निर्माण कार्यमा ढिलासुस्ती भएको बताउँदै छिटो निर्माण सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले** बाँके जिल्ला स्थित जैन्तु बाल बन्दी गृहमा २०८१ चैत १ गते राती झडप भयो। यस्तो घटना पटकपटक भैरहेको बताउँदै तत्काल दोषीमाथि कारबाही गरी दीर्घकालीन समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले** सरकारले पूर्व पदाधिकारीहरूको सुविधा वृद्धि गर्ने विधेयक ल्याउन लागेको चर्चा चलेको बताउँदै यस्तो बेमौसमको बाजा नबजाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै विशेष समयमा बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य कृष्ण प्रसाद सिटौलाले** नेपाल अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको संवैधानिक व्यवस्थामा रहेको छ। यो व्यबस्था ल्याउनको लागि परिवर्तनकारी शक्तीहरु सवै एक ठाँउमा बसेर ठुला क्रान्ती र परिवर्तनहरु नेपालका सबै रजनितिक दलहरुको संयुक्त प्रयास तथा कार्यगत एकताका आधारमा भएको बताउँदै संविधानको कार्यान्वयनको अबस्था वारे समिक्षा गर्दै संविधानवादको मूल्यमान्यता अनुरुप राज्य सञ्चालन गर्न सबै निकाय बिच कार्यगत एकताको आबश्यकता रहेको जिकिर गर्नुभयो।

**माननीय सदस्य उर्मिला अर्यालले** नेपालमा भएको राजनीतिक परिवर्तन यसको प्रभाव र हालको अबस्थावारे चर्चा गर्दै शत्ता पक्ष प्रतिपक्ष लगायत सबै राजनीतिक दलको आपसी सहकार्यमा हालको ब्यबस्थालाई सफल बनाउन संविधानको भावना अनुरुप काम गर्न सत्ता तथा शक्तीमुखी मात्र नहुन सबै राजनीतिक दललाई सचेत रहन अपिल गर्नुभयो।

**माननीय सदस्य डा. बेदुराम भुसालले** नेपालमा आजको समस्या भनेको राजनीतिक परिवर्तन जुन गतीमा गरीयो सोहीगतिमा आर्थिक, सामाजिक तथा सांस्कृतीक रुपान्तरण गर्न नसकिनु रहेको बताउँदै यही समस्याको विषयमा केन्द्रीत भएर छलफल गर्नुपर्ने जिकिर गर्नुभयो।

**माननीय सदस्य मोहम्मद खालिदले** नेपाली जनताको लामो परिश्रम र बलिदानबाट प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा नयाँ संविधान जारी भए सँगै केही हद सम्म समावेशी सिद्धान्त आत्मसात गरीएतापनि थारु र मुस्लीमको अबस्थामा समाबेशी सिद्धान्तले काम नगरेको जिकिर गर्नुभयो।

**माननीय सदस्य डा. अन्जान शाक्यले** नेपालको अर्थतन्त्र बलियो बनाउन नेपालको बिकास तथा स्तरोन्तीको आत्रामा सक्रिय भएर लाग्नु पर्ने बताउँदै सरकारले ल्याएको अध्यादेश मार्फत वैदेशीक लगानी तथा लगानी बापतको लाभांस प्राप्त गर्न कोसे ढुङ्गा साबित हुने जिकिर गर्नुभयो। साथै संघ, प्रदेश र स्थानीय तहले बिकास तथा स्तरोन्तीको लागि आत्मनिर्भर बन्ने मार्ग तर्फ लाग्न अपिल गर्नुभयो।

**माननीय सदस्य माया प्रसाद शर्माले** देश सञ्चालनको हरेक क्षेत्रमा शिक्षाको महत्वपुर्ण स्थान रहने बताउँदै शिक्षा क्षत्रमा बिकास हुन नसकेको, शिक्षा ऐन पुरानो रहेको जसले हालको अबस्थालाई सम्बोधन गर्न नसकेको जिकिर गर्दै समयसापेक्षीत शिक्षा ऐन बनाउन शिक्षा मन्त्रीलाई आग्रह गर्नुभयो।

**माननीय सदस्य तुलसा कुमारी दाहालले** हरेक वर्ष ८ लाखको हाराहारीमा नेपाली श्रमीकहरु रोजगारीका शिलसिलामा बिदेशिने तथा बिभिन्न घटनामा जिवन गुमाउन बाध्य रहेको बताउँदै सुरक्षीत देशहरुमा भरपर्दो रोजगारीको सुनिश्चितता गराएर मात्र बैदेशिक रोजगारीको अनुमती दिनु पर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई **"बैङ्किङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०"** सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभा समक्ष पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईलाई **"राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **"तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको **"तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१"** माथि छलफल प्रारम्भ हुने जानकारी गराउँदै छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुषङ्गिक अन्य दफाहरुमा मात्र फलफल गर्न सकिने

व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउनुहुँदा छलफलमा माननीय गोपी बहादुर सार्की आछामी, माननीय माया प्रसाद शर्मा, माननीय सुरेश कुमार आलेमगर, माननीय पदम बहादुर परियार र माननीय विष्णु कुमारी सापकोटाले छलफलमा भाग लिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **"तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि छलफल गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै विधेयक प्रस्तुतकर्ता माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक**, **२०८१"** का सम्बन्धमा विधायन व्यस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ६० सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **<u>सर्वसम्मति</u>**ले स्वीकृत भएको घोषणा गर्दछु।

त्यसपछि, सम्माननीय अध्यक्षले "**तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक**, **२०८१"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ६० सम्म उल्लिखित संशोधनहरू "**तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक**, **२०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले "**तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१"** को अङ्ग बनेको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको **दफा २ देखि ६३ सम्म** "**तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक**, **२०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **<u>सर्वसम्मति</u>**ले "**तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१"** को अङ्ग बनेको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको देहाय बमोजिमको प्रस्तावना र नाम पढेर सुनाउनु भयोः-

**"<u>प्रस्तावनाः</u>** आँखा स्वास्थ्य शिक्षाको क्षेत्रमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न, विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा प्रदान गर्न, आँखा उपचार सम्बन्धी वस्तु उत्पादन तथा नविनतम प्रविधिको विकास र विस्तार गरी आँखा स्वास्थको क्षेत्रमा उत्कृष्ट प्राज्ञिक केन्द्रको रुपमा विश्वविद्यालय स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "तिलगंङ्गा नेत्र विश्वविद्यालय ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **"तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१"** को अङ्ग बनेको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयक प्रस्तुतकर्ता माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईलाई "**तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ लाई पारित गरियोस्**" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा "**तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ लाई पारित गरियोस्**" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल चैत ६ गते बुधबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको जानकारी गराउनुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव